# माया राई

## अध्यक्ष, राष्ट्रिय आदिवासी जनजाति महिला मंच

**Interviewer: Simrik Shrestha, Communications Officer, LOOM**

**Interviewee: Maya Rai, Chairperson, NIWF (Province 1)**

### १. तपाईं आफूलाई जसरी सहज लाग्छ त्यसरी परिचय दिनुहोस्। हाल कुन संस्था र भूमिकामा आबद्ध हुनुहुन्छ?

सबै भन्दा पहिला यहाँहरुलाई सेवा, नमस्कार म माया राई, मेरो घर मोरङ, बसोबास सुनसरी ईटहरी। म चाहि अहिले चाहि किरात राई महिलाहरुको छाता संगठन सुम्निमा केन्द्रिय सचिव त्यसैगरी राष्ट्रिय आदिवासी जनजाति महिला मंच जसलाई छोटकरीमा निफ फोरम पनि भन्छौ त्यसको प्रदेश १ को अध्यक्षको रुपमा काम गरी रहेको छु र आफुलाई एउटा आदिवासी अभियन्ता भन्न पनि रुचाउँछु।

### २. तपाईंको संस्था के उद्देश्यका लागि काम गर्छ? मुख्य रूपमा कुन समुदायसँग काम गरिरहनुभएको छ?

हाम्रो संस्थाको उद्देश्य र काम गर्ने sector भनेको चाहि विषेश गरी आदिवासी महिलाहरुको क्षेत्रमा काम गर्छौं आदिवासी समुदाय संग हामि, जोडिएर हामि काम गर्छौं। आदिवासी भित्र पनि अझ धैरै सिमान्तकृत समुदायमा रहेका पहुँचमा कमी भएका समुदाय संग जोडिएर हामि काम गर्छौं। सुन्निमाको हकमा पनि यो चाहि नितान्त राई समुदाय भित्रको राई महिलाहरु सेक्टरमा मात्र काम गर्ने संस्था हो।

### ३. सामाजिक, महिलावादी र आदिवासी अधिकारको कामतर्फ तपाईंको यात्रा कसरी सुरु भयो?

म मेरो अलिकति आफ्नो पुरानो दिन र ईतिहाँसलाई सम्झीने हो भने, चाहि म आदिवासी अभियन्ता भन्दा पनि महिलावादि अभियन्ता बाट म अगाडि आको मान्छे हो तर पछिल्लो समयमा चाहि, महिलावादि भएर महिलाको मुद्दा ईस्युहरुमा मा काम गरी रहदा कहि न कहि मैले चाहि, आफुलाई अनुभव के गरे भने चाहि, म महिला मात्र होईन म चाहि, महिला भित्रको पनि आदिवासी महिला समुदायको एउटा महिला हो भन्ने मेरो चाहि, एउटाअन्तर आत्मा देखि

कहि गयर  टच भयो। मेरो काम गर्ने जाने क्रममा अनी त्सस पछाडि,  चाहि  फर्केर  यसरी आफ्नो समुदायलाई पनि हेर्न खोजे त्यति वेला  हेर्दा खेरी मेरो समुदाय धेरै नै पछि  छ कि के हो  राईमा पनि  मैले  म महिलावादि दृष्टिकोण बाट काम गरी रहदा, महिलाको  सेक्टरमा काम गरी राख्दा मैले मेरो समुदायको उपस्थिति एकदम न्युन देख्थे के, अनि न्युन देख्दा खेरी अनि किन छैन त, म मेरो जस्तो अर्को अनुहार परेको। यो समुहमा  किन  नभएको  होला देखे पनि छुटपुट एक दुई जना  देखिन्थ्यो अनि त्यले गर्दा मलाई  आफै एउटा चासो बढेर आयो  किन छैन भनेर, त पहिला बुझ्दा म मेरो समुदाय संग जोडिन पर्छ भन्ने हिसाबले समुदाय संग जोडिए अनि जोडिएर काम गर्दै जादा  त हामी धेरै नै पछि रहेछौ भन्ने महशुस भयो अनि त्यसपछाडि  मैले महिलावादीका जतिपनि समुदाय संग, महिलाहरु  संग जोडिएर सामाजिक हिसावले काम गरी रहन्थे त्यो संग संगै आदिवासी महिलाहरुका पनि ईस्यु, आदिवासी माहिलाहरुका कुरा, आवाजहरु उठाउनु पर्ने रहेछ भनि पछिल्लो समयमा चाहि म जनजाति महिला महासंग संग जोडिएर काम गर्ने अवसर पाए त्यस पछाडि  चाहि अहिले   सम्म आदिवासी महिलाहरुको वकालत गरीरहेछु र  त्यसमा मलाई लाग्छ अझै पनि मरो पहुँच धेरै नै कम छ अझै मेले ईस्यु उठाउनु  पर्छ लागेको छ र जेहोस् मलाई हिजोको दिनमा  एउटा महिलाहरु संग जोडिएर काम गरेर आउदा मलाई एउटा  सहज चाहि भएको छ त्यो कुराले गर्दा।

## ४. महिलावादी अभियानबाट आदिवासी महिलाका मुद्दामा केन्द्रित भएर काम गर्न तपाईंलाई के कुराले प्रेरित गर्‍यो?

म मेरो History हेर्ने हो भने चाईल्ड कल्व बाट आको हो  है, चाईल्ड कल्व आउदा खेरी चाहि  त्यति वेला भर्खर आई. एन. जी. ओहरुले  नेपालमा  बाल कल्वहरु गठन गर्ने  थियो। स्कुल स्कुलहरुमा त्यो खालको थियो। त्यो एउटा स्कुलबाट स्कुलीङ्ग भएर आय बाल बालिका को अधिकारको कुरा गर्दै आय  त्यस भन्दा पछाडि अलि युवा अवस्थामा युवाको ईस्यु उठाए अनि त्यसपछाडी जब म  विबाह भएपछि महिलाको ईस्यु उठाए  पछिबाट चाहि जे होस्, भनुम्न बच्चा  बेला देखि नै म यो फिल्डमा जोडिएको छु।

## ५. राई आदिवासी समुदायकी महिलाको रूपमा हुर्कँदा वा काम गर्दै जाँदा तपाईंले कुन–कुन चुनौती, विभेद वा सामूहिक संघर्षहरू नजिकबाट देख्नुभयो?

मेरो लागी धेरै कुरामा धेरै  प्वाईन्टमा धेरै ठाँउमा आफुलाई proud feel गर्छु। किनकि एक त मेरो परिवार बाट चाहि यो फिल्डमा सामाजीक फिल्डमा  मेरो परिवारको हिस्ट्री नै हेर्ने हो भने  कोहि पनि हुनु हुदैन। मेरो वुबा हुनु हुदो रहेछ अलि पहिला बुझ्न जाँदा पछिबाट चाहि  मेरो दिदि वहिनि मेरो आफन्त कोहि पनि यो फिल्डमा चाहि हुनु हुन्न सामाजीक फिल्डममा अनि आफु आउदा खेरी त अलिकति फरक पनि देख्थे अनि म जे होस् केहि बुझेको छु सिकेको  छु र आगाडि आउदै छु भन्ने कुरा आफुले चाहि महशुस गर्थे कहि न कहि कहिले काहि  ग्रुपको लिडिङ  गरेर हिड्दा गर्दा एउटा समुदायको आवाज बोकेर हिडि रहदा आफुलाई तेतिकै पनि म proud  त गरी रहेको हुन्छु तर पनि अझै  पनि मेरो सिकाई कम छ त्यो मानेमा आफुले रियलाईज गर्छु।

## ६. तपाईंको बुझाइमा महिला आन्दोलन र महिलावादी आन्दोलनबीच के फरक छ?

म आफु म सुरुवात गर्दा म सुरुवात गर्दा खेरी त तेतीवेला अव भनुम्न स्थित त नाजुक कै थियो। महिलाको कुरा उठाउने आवाज उठाउने भन्दा खेरी चाहि भनुम्न अलिकति पुरुष समुदायको हेर्ने दृष्टिकोण फरक हुन्थ्यो अथवा हामीलाई चाहि नेता जस्तो ट्याग उपनाम दिईन्थ्यो। नेता आई नेता आई भन्ने खालको त्यो अव उहाँहरुले कुन उसबाट सोचबाट भन्नु हुन्थ्यो भन्ने कुरात उहाँहरुको प्रस्तुतिबाट हामिले फिल गर्थ्यौं त्यो खालको दृष्टिकोण थियो काम गर्न समाजमा गाह्रो थियो तर पनि काम गरिन्थ्यो गरेर पनि आईयो अझै पनि गारो अप्ठारो त छ। त्यहि माथी अली कति अव हाम्रो आदिवासी समुदायमा एउटा चाहि के राम्रो point छ ,भन्दा खेरी Freedom को हिसाबले खुल्ला छ अरु समुदाय संग तुलना गर्ने हो भने त्यो हिसाबले हामी freedom छौ। तरपनि freedom हुने freedom दिने जुन हाम्रो culture छ त्यो culture चाहि पछि गएर चाहि म चाहि पुरुषवादि सोच हावी भएको देख्छु के अन्य वाहिरी समुदायको सोच हावि भएकोले गर्दा हामिमा पनि त्यो सोच आईसकेको छ अहिले र निश्कनपनि अलिकति हाम्रै सेक्टर का हाम्रै समुदायका चाहि महिला दिदि वहिनिहरु निश्किन पनि कतिलाई त गाह्रो छ। कति अलिकति अर्के स्वभावको निडर स्वभावको ,श्रीमान संग बाझेर जुधेर आफ्नो अधिकार खोजेर वाहिर निस्कने त्यो त छ तर धेरै वाह्य प्रभावले अरुको culture ले गर्दा खेरी त्यो खालको प्रभाव चाही हाम्रो समुदायमा पनि अहिले देखिन्छ कहिन काही।

## ७. तपाईंलाई लाग्छ, नेपालको मुख्यधारको महिलावादी आन्दोलनले आदिवासी महिलाहरूका अनुभव र यथार्थलाई कत्तिको समेट्न सकेको छ?

अव महिलावादि आन्दोलनका कुराहरु सुन्दा अग्रजहरुको जुन वहाँहरुले त्यति वेला गर्नु भएको संघर्षको हुराहरु सुन्दा खेरी चाही, हामीले त्यो संघर्ष मेरो age मा आईपुग्दा त्यति सारो परेन होला। हामी भन्दा अग्जहरुले अलि धैरे गर्नु भयो। त्यति वेला पनि हामीहरुले संगठन समुदायका, दिदि, वहिनीलाई चाहि संगठनमा ल्याउन काम गर्नलाई कति गारो हुन्थ्यो घरबाट निश्कन गारो हुन्थ्यो , ३ बजेपछि घर जाने हतार हुन्थ्यो अनि, अव कति परिवार भएकोहरु आफ्नो बच्चाको टिफिनको टाईम भयो, भन्ने हुन्थ्यो त्यो समय एउटा धेरा बन्दीमा रहेर काम गरी रहदा खेरी अनी हामी आफै पनि संर्घष गरी रहदा, हाम्रा हिस्ट्रिहरु नजोडिएको नलेखीएको ईतिहाँस छन्। जस्तो लाग्छ अनी म आफुलाई पनि महिलावादी दृष्टिकोण बाट काम गरी सके पछि आफ्नो समुदाय संग जोडिएर मैले काम गरी रहदा खेरी चाहि कतिपय हाम्रा यो सेक्टरमा अलिकति हामी त हाक्कि स्वभावको पनि हुन्थ्यो होला हैन, त्यो खालको अलिकति freedom mind को concept भएको समुदाय पनि छ। अनि हामि महिलामा पनि त्यो सोच पनि छ, त्यसमा चाहि अझ धैरे आदिवासी महिलाहरुको चाही कथा, कथनहरु नसमेटिएको होकी, भएर पनि नलेखेकीएको होकी, किनकी हामि चाहि education अझ कुरामा चाहि अलिकति भनुम्न पछि नै छौ। जस्तो पनि लाग्छ पछिल्लो समयमा हेर्ने हो भनि अहिलेको अवस्थामा हेर्ने हो भनि, अलि अगाडि पनि आई सकेका छौ। तर त्यति वेला हामी अलि पछाडि नै थियौ

होला। त्यो कुराहरुको हामिमा ज्ञान भएकोले गर्दा खेरी पनि हामि आदिवासी महिलाहरुको ईतिहाँस नलेखीएको होकी नसुनुवाईएको होकी हैन ,भन्ने खालको कहि कहि लाग्छ हाम्रो स्वभाव देख्दा खेरी त्यो आन्दोलनमा हामि नै अगाडि थियौ कि, हुनथ्यौ होलाकि जस्तो लाग्छ।

## ८. आदिवासी महिलाहरूका इतिहास, संघर्ष र योगदानहरू पर्याप्त रूपमा लेखिएका वा अभिलेखीकरण भएका छन् जस्तो लाग्छ? किन?

अव अहिले आको फिल्महरु सबै त हेर्न पाईन एउटा continuity चलाको थिय culture base film हरु चाही, तर हेर्दाहेर्दै अलि बेसी हेर्न पाईन तर जारी हरु यिनिहरु हेर्दा खेरी चाही हुन त यथार्त चाही हाम्रो उसमा तेही हो फिल्मले खोजेको कुरा त हो तर पनि त्यहाँ तिर चाही अझै पनि त्यहाँ एउटा महिलाको हाम्रो आदीवासी culture मा महिलाको के भन्छ ,त्यो स्वतन्त्रतालाई खुला रुपले छोडिएको त्यसमा पनि जुन एउटा विवाहलाई हेर्ने समुदाएको एउटा दृष्टिकोण छ नि हैन हाम्रो आदिवासी culture मा केहि गरी लिम्बु culture को कुरा गर्दा खेरी उहाँहरुको के हुन्छ,भन्दा खेरी विवाह गरेर गै सक्दा पनि आफ्नो बागदता बोलिदिने भन्ने हुन्छनी, कन्यादान दिने भन्ने हुन्छनी, खस आर्य समुदायमा भने, जस्तै उहाँको चाही वागदता बोलिदिने मेरो छोरी हैन। त्यो घरमा शुखले वस्न पाउँछ पाउदैन उ आफुलाई त्यहाँ भनुम्न, म यहाँ ठिक छ भन्ने कुरा जब उसले महशुस गर्दैन तब सम्म चाहि उल्ले उसको चाहना विवरीत त्यो परिवारले बागदता दिदैन भोलि आवो उले श्रिमान परिवार छोडेर आयो भने, हाम्रो लागी चाहि त्यही हिजो कै छोरी हो हैन भन्ने खालको जुन एउटा के भन्छ त्यसलाई खुला विचारले त्यो culture अलिकति उघारेर देखाको छ। त्यसमा खुशी पनि लाग्छ। हामिमा पनि त्यही छ त्यो छ अनी हाम्रै राई culture को कुरा गर्ने हो भनी विहे गरेर जादा हामीलाई पनि एउटा खुर्मि (हसीया जस्तो फलामको हसीया ताहि अलि पातलो हुन्छ खुर्मि चाहि मोटो हुन्छ।) खुर्मी दिने चलन छ माईतिबाट दिएर पठाउछ ।हामिलाई अली powerful देखाको culture wise त आफै सक्षम छस् है तलाई भोलि गएर कसैले हेप्न खोज्यो भने तलाई हामिले यो पावर दिएर पठाएका छौ। हतियार दिएर पठाएका छौ आफुलाई कमजोर नठान्नु विहे गरेर जाँदा त्यो दिने culture छ के त्यले गर्दा त्यो मानेमा अलिकति हाम्रो culture मा त्यलाई राम्रो उसको रुपमा लिन्छु एउटा किनकि महिला भएर demotivate गर्न त महिला भएको कारणले यो हुनु पर्छ भन्ने सोच चाहि अलिकति हाम्रो culture मा त्यो देखिदैन। हिस्ट्रि हेर्ने हो भने पनि त्यो देखिदैन मुन्धुमले त्यो भन्दैन तर व्यवहारले अहिले चाहि मैले भने नी अधी पनि भने वायस यो पुरुषवादी सोच हावि भएर त्यो चाही घटनाहरु काही देखी रहेको छौ तर मुन्धुम हाम्रोव संस्कारले चाहि त्यो चाहि भन्दैन।

LOCW

## ९. तपाईंको लागि नेपालको आदिवासी आन्दोलन भन्नाले के बुझिन्छ?

म आदिवासी आन्दोलनमा चाहि म अली सानै age मा देखि नै आन्दोलनमा leadership लिएर अगाडि आउने मान्छे हैन,पछिबाट मैले चाही विषेश गरी आन्दोलनमा चाहि लागेको त्यतिवेला Frist आदिवासी मुभमेन्टमा जोडिएको चाही, जब हाम्रो कोटा कट गरेको थियो नि राज्यले कोटा हटाउनु पर्छ । भन्ने विषयमा त्यस्तो मलाई त्यति महत्व थाहा थिएन, के पहिले चाहि तर हाम्रो यो आन्दोलन हो आदिवासी जानुपर्छ भन्ने हिसावले लागेर गईयो आन्दोलन गरीयो हैन रोड बन्द गरीयो ,सडक बन्द गरीयो , सडकमा बसीयो तर जव चाहि म आन्दोलनमा अलिकति खुलेर र मैले बुझेर म सहभागी भएको भनेको यो पहिचानको आन्दोलन हो जहाँ प्रदेशको नाम चाही कोशी प्रदेश राखीयो त्यती वेला चाही प्रदेश १ को नाम चाहि पुनःनामाकरण गर्नु पर्छ भन्ने आन्दोलनमा म एकदम शसक्त रुपले त्यतिवेला even म यस्तो पनि भन्थ्ये मेरो श्रीमानलाई आज म आन्दोलनमा जादै छु भरे म आउछु आउदिन थाहा छैन है मलाई त्यती पोलेको छ भित्र भनेर चाहि म त्यसरी निस्कन्थे घरबाट हरेक दिन हैन अनि त्यसरी निस्कदै जादा त्यो ईस्यू हाम्रो लागी चाहि टच भित्रैबाट ,जब कुनै पनि मुद्धाले भित्रैबाट्ट हुदैन भनी त्यो एउटा देखावटि रुपमा मात्र जान्छ जस्तो लाग्छ अव म चाहि मेरो जव मैले आदिवासी का कुराहरु,आदीवासीका अधिकारहरु ,आदिवासीका पहिचानका कुरा बुझ्दै गईसके पछाडि राज्य सात्ताले गरेका दमन जुन फिल भएको थियो त्यसवेला मेरा लागी त ऐतिहासीक मुभमेन्ट नै भन्छु । पहिचानको आन्दोलन चाही त्यतीवेला म चाहि शसत्त रुपमा धेरै न्युजहरुले कभर गरेको थियो त्यतीवेला म Front line नै हुन्थ्यो । म मरे पनि मर्छु भन्ने पाराले चाही म गको थिए त्यती वेला आन्दोलनमा चाही अनी जेहोस् अव त अझ हामी सफल हुन सकेको छैन । दुःख छ तर पनि आशा छ कहि न कही यो मुभमेन्ट फेरी उठ्छ र फेरी हामी चाहि हाम्रो पहिचानको लागी ऐकेबद्धता हुन्छौ भन्ने चाही छ ।

## १०. राई समुदाय तथा अन्य आदिवासी समुदायका लागि आदिवासी आन्दोलनका मुख्य मुद्दा र मागहरू के–के थिए?

त्यति वेला धेरै नै थियो हैन ,यसमा कस्तो भयो भने म एउटा महिला हैन,अनि मैले आन्दोलनको मर्म बुझेको थिए । त्यो आन्दोलन श्रिजना हुँदाको पल आफुले फिल गरेको थिए अनि जब म त्यो आन्दोलनमा गै सके पछाडि चाही मैले चाही आफुलाई त्यो एउटा Frustration हुन्छ नी एक त नेतृत्वले नेतृत्वदायी भुमिक सही न निभाई दिएको अँ राज्यले गरेको त्यहि खालको दमन हैन,अनि हामी चाहि शान्ति पुर्ण आन्दोलन भनेर जादा खेरी राज्यले हामी माथी गरेको हैन,प्रहार अनी त्यस्मा चाही जस्तो सुकै प्रहार भए पनि नेतृत्व चाही खुट्टामा उभीदिए सहि decision लिदिए एकै ठाँउमा सबै भईदिए कस्तो हुन्थ्यो होला त तेति वेलाको माहोला हैन, अनि भन्ने लाग्थ्यो त्यो नभैदिदा खेरी हैन हामी पनि भिन्न भिन्न भएर छौ, नि त हामी भित्र एउटा समस्या छ । internal समस्या छ सबैका ,हामीमा पनि केहि एउटा आईदियो पनि महिला भई सकेपछि के चाहि हुदो रहेछ ,भने त्यो आन्दोलनमा पनि पुरुष हावी हुने है,अगाडि

लड्न जाने कुटाई खाने त्यो पानीको फोहरा,अश्रु ग्यास खाने चाही महिलाहरु सबै हैन तर ति महिलाहरुको गन्ति चाहि पुरुषले पनि गर्दो रहेनछ है त्यतिवेला नगर्दा खेरी एउटा Frustration हरेक कुरामा, एउटा नेतृत्वले चासो चिन्ता नलिदा खेरी, त्यो भेडा बाख्रा उ भए जस्तो भिरबाट लड्यो भने पनि लडुस् नत भन्ने टाईपको त्यो खालको नेतृत्वको सोच देखे पछि चाहि पछिल्लो समय मलाई एकदमै भनुम् Frustration पनि धेरै भएको थियो । पछिबाट चाही मुद्धा पनि खेप्नु पर्यो है सरकारवादी मुद्दा पर्यो जुनवेला आफु म त्यो घटनामा थिइन तर मेरो नाम आईदियो अनि ५,६ महिना दौड धुप गरीयो अदालत पनि घाईयो मजाले त्यसपछाडी त्यो देख्दा खेरी पछि कहि न कहि चाहि हामि भित्रको आफ्नो कमजोरी पनि हुन सक्छ । त्यले गर्दा खेरि पनि कमजोरी भईयोकि भन्ने फिल चाहि भाको थियो तर अझै पनि मनमा, त्यो पहिचानको आन्दोलन ,पहिचानको मुद्दा त जिवितै छ र रहन्छ ।

## ११. पहिचन आन्दोलन र कोशी प्रदेश नामकरणसँग सम्बन्धित आन्दोलनमा तपाईंको संलग्नता कसरी रह्यो?

अव राज्य संग त, कसरी गा को छ, भन्ने समुदायलेवलको मान्छे हेर्ने हो भने एउटै कुराले जोडिदिएको हुन्छ । भावनात्मक हिसावले आफ्नो भुमि प्रतिको माया आफ्नो अस्तित्व प्रतिको मायाले जोडेर आएको हुन्छ अव त्यही अव कुरालाई राजनिति भनौ राजनिति दल विभिन्न दलभिधका हाम्रा पहिचानवादी नेताहरु त्यले गर्दा खेरी जुन उपलब्धी हामिले हासील गर्नु पर्ने हो जुन पक्षबाट त्यो त्यो पक्षबाट नभईदेको होकी भन्ने महशुस त एकदमै धेरै छ हैन । राष्ट्रियस्तरमा मुद्धा उठ्नु पर्ने स्तरमा उठिदिदैन किन भने अहीले न्युजहरुले जुन तरीकाले कभर गरीदनुपर्ने ,जुन तरीकाले लेखी दिनुपर्ने हैन किन यो समुदाय आज रोडमा आयो त किन मान्छे मर्यो त,किन आन्दोलन भयो त भन्ने कुरा चाहि जसले संम्वोधन गरीदिनु पर्ने ठाँउबाट सहयोग पाउनुपर्ने हो त्यो चाहि हामीले पाउदैनौ के हैन । एउटा चाहि फरक दृष्टिकोणले चाही यो समुदायलाई हेरिन्छ हैन त्यले गर्दा खेरी अव पहिचानको मुद्धा खोज्छौ , पहिचानको मुद्धा र आवाज उठाउदा खेरी एउटा जातीको ट्याग लाग्दिन्छ अनी दृष्ट्रिकोण फरक तरीकाले हेरिन्छ तर त्यो ब्यक्तिले किन उठाउँदैछ,किन  उठाउदैछ,उको हो भन्ने कुरा त त्यो दृष्ट्रिकोण बाट हेरीदैन त्यले गर्दा हाम्रो मुद्धा संवोधन भएको देखिदैन ।

## १२. त्यो आन्दोलन तपाईंका लागि किन भावनात्मक र राजनीतिक रूपमा महत्त्वपूर्ण थियो?

अव जहाँ पनि हेर्ने हो भने महिला विना कुनै पनि आन्दोलन,कुनै पनि अभियानमा कुनै पनि घर ,कुनै पनि परिवार कुनै पनि समाज चाहि चल्न सक्दैन हैन ,त्यसमा पनि अहिलेको history मा हेर्ने हो भने maximum चाहि पुरुषहरु हेर्ने हो भने, Database हेर्ने हो भने वाहिर हुनु हुन्छनी त घरमा हुनु हुन्न उहाँ उनिहरु कमाउन केहि न केहि वाहानाले देश वाहिर हुनु हुन्छ ।  हामि महिला अलिकति वेशी पनि छौ र अलि कति फ्रि पनि छौ । हैन अनि हाम्रो समुदायको issue, मुद्धामा हेर्ने हो भने हामि महिला अगाडि आउछौ । पुरुष भन्दा पनि हामी अगाडि आउँछौ । झोकिन पनि हामि झोकिन्छौ । जस्तो लाग्छ even यहि पहिचानको आन्दोलनको कुरा गर्ने हो भने यसमा हाम्रो किरात राई सुन्निमा

LOOM

संघबाट महिला यति धेरै दिदि वहिनिहरुको उपस्थिति थियो। त्यो संवोधन गरी दिदैनन् even हाम्रो समुदायलाई पनि गरी दिदैन यसरी दिदि वहिनी आउनु भाको थियो। यो आन्दोलनलाई सहयोग गर्नु भएको थियो। सुम्निमाले महिलाहरुले भन्ने खालको हुदैन। त्यो संवोधन हुदैन त्यस पछि दुःख लाग्छ उहाँहरुको उपस्थितिको अर्थ रहदैन हैन त्यले गर्दा खेरी पनि जे होस् हामीलाई संवोधन नभको हो कि भन्न फिल हुन्छ।

## १३. आन्दोलनका क्रममा राज्य, नेतृत्व वा समाजबाट कस्ता चुनौती र निराशाहरू भोग्नुपर्‍यो?

परिवर्तन नै आको चाहि, भन्दैन तर यति चाहि भाको छ। हामीलाई नबुझेको मान्छेले पनि किन प्रदेशको पुन नामाङ्कनको कुरा उठाको छौ त भन्ने कुरा चाहि बुझेका छन्  हैन जस्तो मुकुङलुङको आन्दोलन उठ्यो किन उठ्योत भन्ने कुरा अहिले मान्छेलाई पहिचान संग जोडिएका मुभमेन्टहरु आन्दोलनहरु भईरहदा एउटा चासो अनि चिन्ता अलिकति भएको होकी मान्छेलाई हैन भन्ने खालको त्यो चाहि मान्छेमा परेको छ के व्यक्तिमा पनि हिजो हामी यस्तो थियो होला हामीलाई  सबै पुगेको थियो किन चाहिएको थियो त पहिचान हैन किन चाहिएको थियो त मुकुङलुङ चाहि व्यापारीले लगीदिएको थियो भने किन चाहिएको थियो त सजीलो तरीकाले केवलकारमा जान्थे होला हैन उनीहरुलाई किन त्यो महत्व छ त किन त्यहाँ निर रोक्दै छ त त्यो समुदायले किन यो नाम अर्को भयो भनेर उठाउदै छ भन्ने कुरा नबुझेका व्यक्ति र समुदायले पनि जान बुझेर चासो दिदै छन् भने अव frontline मा अगाडि आएर नवोल्दिए पनि पछाडि बाट कोहि चाहि यो issue उठ्छ र गफ चाहि भईरहेको छ जस्तो लाग्छ।

## १४. आदिवासी आन्दोलनमा महिलाहरूको भूमिका कस्तो रह्यो? तपाईंलाई लाग्छ उनीहरूको योगदान पर्याप्त रूपमा चिनिएको छ?

छैन नै अझै पनि छैन तर पनि अझ पनि के खुशि लागेको छ भने युवाहरु जो हुनु हुन्छ यो movement लाई आफ्नो culture संग relate गरेर समुदायको कुरालाई विभिन्न platform बाट देखाई चाहि राख्नु भाको छ , त्यले गर्दा पनि चेतनाको लेभल चाही बृद्धि भाको छ। रैछकि जस्तो लाग्छ तर पनि अझ खुलेर यस्ता कार्यक्रम हुनु पर्ने समुदाय संग अझ Deeply जानुपर्ने यो विषयमा research को कुराहरुमा नआई सकेको विपेश गरी त्यस्ता कार्यक्रम भएपनि केन्द्र केन्द्रित के, काठमाण्डौ मात्र विषेश केन्द्रित हुने त्यस्ता खालका कार्यक्रम,वौद्धिक लेवलका बहश छलफल काठमाण्डौ केन्द्रत मात्र भाको होकी जस्तो लागछ म आफै ले फिल गर्दा किनकी त्यस्ता खालका कार्यक्रम भुगोलमा आएर ठाँउमै गएर गरीदिदा अझै सामान्य मान्छेले गहन रुपले बुझ्छ्योकी जस्तो मलाई लाग्छ र त्यो चाहि हुनु पर्छ झै लाग्छ के मलाई।

## १५. आन्दोलनहरूले तपाईंको समुदायमा कस्ता परिवर्तन वा चेतना ल्याएका छन्?

१० वर्षि जनयुद्ध कालमा म आफुलाई हेर्ने हो भने सानै थिए होला तेती वेला सायद बालक्लव भै थिए होला मलाई एउटा घटना याद आउछ सायद नेपालगंजबाट पुर्व ईटहरि आउदै थिय म नेपालजंग बस्थे सानोमा त्यहा आउदा खेरी जुन

त्यो आउदा आउदै बस विच जंगलमा रोकिएको थियो । के म चढेको वस अति त्यहा निर एक्कासी २ तर्फिको गोली वारुद्ध शुरु भाको थियो भिडन्त अति तेति वेला जुन एउटा डर त्रास जुन म बच्चा थिए तेती वेला म मानसीक रुपले मलाई असर गर्यो थियो होला त्यो घटनाले त्यस पछाडि एउटा माओवादी जनयुद्ध पछाडिको जुन एउटा भनौन परिवर्तन एउटा जुन ल्यायो त्यो मानेमा माओवादीलाई एउटा धन्यवाद एउटा चाहि काम राम्रो गरी दिएको छ । उले चाहि अहिले चाहि गणतन्त्रको कुरा उठाई नदेको भए हैन पहिचानको कुरा अलिकति सुरुवात नगरेको भए आज हामी यसरी वोलि राख्न कुरमा उलाई श्रेय दिन्छु म उहाँहरुले गरी राख्नु भाको छ । त्यले हामी अलिकति खुलेर वोल्न पनि पाको छ अधिकारको कुरा उठाउन पाको छ ,आफ्नो कुरा भन्न पाको छ , त्यो मानेमा म उहाँहरुलाई एकदमै धन्यवाद दिन्छु तर त्यो खालको घटना परि घटनाले जुन परिवारको हैन,जुन बाल बच्चालाई मानसीक रुपमा यातना दिएको थियो । त्यो कुरा सम्झिदाखेरी अलिकति त्यस्को असर छन त कुनै पनि भनिन्छनी कुनै उपलब्धी पाउनको लागी काही एउटा राम्रो पक्ष र अर्को नराम्रो पक्ष त हुन्छ सायद त्यहि थियो होला त्यले गर्दा खेरी म त्यो माओवादीको जनयुद्ध काललाई एउटा भनुम्न अ राम्रो पक्षबाट पनि त्यसलाई analysis गर्न मन लाग्छ अलिकति नराम्रो पक्ष बाट पनि analysis गरेर जान मन लाग्छ ।

### १६. तपाईंलाई लाग्छ, आदिवासी समुदायका मुद्दा र पहिचानका मागहरू अझै किन गलत रूपमा बुझिन्छन् वा बेवास्ता गरिन्छन्?

अ त्यस्तो अव यादै गर्ने खालको अहिले त छैन । मेरो लागी त ताजा त पहिचानको लागी १ नं प्रदेशको आन्दोलन हो । अव राजनितिक हिसावले आन्दोलन गरीयो तर त्यसलाई पनि अझै जोड्न चाहदैन मचाही आफ्नै समुदाय संग relate गरेर त्यहि वेसमा यहि समुदायको आन्दोलनलाई सम्झीन्छु ,गरीयो धैरै गरीयो बालक्लव हुँदा खेरी पनि मलाई याद छ स्कुलमा हुँदा खेरी तेती वेला हामीले जिल्ला शिक्षा कार्यलयमा तालाबन्दी गर्न थियो । त्यति वेला पाठ्यक्रम something के थियो धैरै सानो को कुरा हो ,त्यति वेला चाही त्यहाँको कर्मचारीलाई नै हामीले ताला भित्र लागाई दिएका थियो के त्यती वेला बालकल्व बाट गाको थियो । हैन अनी ईटहरि चोकमा पनि एउटा बन्द गरेका थियो है त्यो कस्तो प्रभाव थियो । अहिले सम्झन्छु । कहाँबाट त्यो बन्द गर्ने आयो होला केटाकेटिहरुलाई स्कुलको केटाकेटिहरुलाई रोडमा चोकमा निस्केर चोक नै बन्द गरी दिएका थियौ के अनि त्यस्तो कुन घटना थियो something तर त्यो खालको ईनर्जि न्यति वेला देखि रै छ भन्ने चाहि फिल गर्छ ।

### १७. तपाईंले प्रत्यक्ष रूपमा सहभागी भएको कुनै सम्झनलायक आन्दोलन वा अभियानको अनुभव साझा गर्न सक्नुहुन्छ?

अव भर्खरै भएको आन्दोलनको कुरा गर्ने हो भने समुदायको भन्दा पनि राज्य भित्रका एउटा issue थिए समुदाय related भन्दा पनि र त्यलाई जुन त्यले पारेको असर त राम्रो पक्ष पनि छन् केहि नराम्रा पक्ष पनि छ विशेष गरी दुःख लाग्ने पक्ष पनि सम्झिन पनि सक्दैन त्यती वेला जुन भर्खरै भएको घटना भाद्र २३ र २४ को घटनाले विशेष गरी हामी सबैलाई मानसीक यातना भएको थियो के मलाई चाहि कतिदिन सम्म सुत्न पनि सकेको थिएन होला त्यो सम्झेर तर

फिल्डमा जोडिन सकिन हैन किनकि एउटा जेन जी मुभमेन्ट भन्ने थियो। जेनजीहरु नै जान्छन् होला भनेको तर पछिल्लो समयमा त्यो दिन त्यो दुःखको कुरा हो तर जे होस् मुभमेन्ट ले चाही कुनै पनि मुभमेन्ट ले केहि न केही परिवर्तन ल्याउछु। त्यो परिवर्तन ल्याउदा खेरी कहि चाहि राम्रा पनि सबै कुरा राम्रा पनि हुदैन परिवर्तनका कुराहरु यसरि चाही मैले हेर्छु त्यलाई आन्दोलन चाहि वेलाबखनमा हुनु पनि पर्छ र त्यो आवश्यक हुन्छ जस्तो लाग्छ।

## १८. अग्रपङ्क्तिमा रहेर आवाज उठाउँदा तपाईंले कस्ता व्यक्तिगत, सामाजिक वा कानुनी जोखिमहरूको सामना गर्नुभयो?

अव जोखीम त पहिलो कुरा त जोखिम हुन्छ। आफु Front lineमा आउनु भनेको जोखीम हो त्यही माथी अ यो उठाको issue भनेको चाहि हामीले उठाको issue सबै कुराको चाही भनुम् न त्यो मन पराईदिने विषयबस्तु हैन , सबैको लागी हैन,सबैले रोजेको अथवा accept गरी दिने विषय बस्तु ची हामिले उठाई रहेको छैन अनि त्यले गर्दा खेरी कतिको target मा पनि परिन्छ अनि विभेदका कुरा गर्दा आफ्नै समुदायका भित्रका गलत हैन ,संस्कारका कुरा गर्दा चाहि समुदायले हेरिदिने दृष्टिकोण अनि समुदाय भित्रका विशेष गरी पुरुषले हेरिदिने दृष्टिकोण अनि Front line मा आउदा खेरी जसरी म एउटा target मा परे जुन ठाँउमा घटनामा म घटनामा म थिईन त्यो घटनाको मुद्धा खेप्नु पर्यो भनि सके पछाडि त कति जोखिममा रहिछुनी त म त्यो समयमा, पछिबाट मात्र realize गरे के मैले चाहि भनेपछि मलाई त खोजी हिडिएको रहिछ नि त अनि अलिकति Front lineमा आउदा खेरी चाहि राज्य नजर पनि अन्य पक्ष को नजरमा पनि त्यो Front lineमा किन पर्छ त्यले गर्दा खेरी जोखिम हुन्छ अव पारिवारी हिसाबले त्यति धेरै जोखिम भएन एउटा सहयोग नै भयो किनकि अलि supportive नै हुनु हुन्छ मेरो ,अनि त्यले गर्दा खेरी परीवारबाट सहयोग भयो अनि मेरो आमाको चिन्ता आमाको चिन्ता वेशी हुन्थ्यो आन्दोलन हुदै छ नजा है नजा घरमा बस भन्ने अनी जे होस् आमाले चाहि त्यो चिन्ता गर्नु भाछ भन्ने कुरा दिमागमा रहन्थ्यो तर आफुलाई जुन आक्रोस हुन्थ्यो नि त्यो आक्रोश ले के ही ले नरोक्ने के भित्र पट्टि त्यो बलेको आगो भई सके पछाडि केहि ले न निभ्दो रहेछ त्यले गर्दा खेरी जोखिम त धेरै नै ,मैले एउटा जुन घटनामा म थिईन त्यो घटनामा मेरो नाम आई सकेपछि त्यो realize चाहि अलि धेरै भयो मलाई।

## १९. महिला, आदिवासी र अभियन्ताको पहिचानले आन्दोलनमा तपाईंको अनुभवलाई कसरी प्रभावित गऱ्यो?

महिलावादी उद्यमशिलता देख्दै पनि आको हैन,अनि धेरै उद्यमशिल महिलाहरु भनेर सम्मानित भएको महिला पनि देखेको हो। कसरी भयो होला तर कसरी सक्छ होला भन्ने लाग्थ्यो। म पनि हुन त एउटा व्यापारी मान्छे हो म पनि एउटा व्यबसाय गर्छु हैन तर पनि मैले एउटा फिक्स लगानि गरेर कुनै एउटा product वेचिरहनलाई ताहि उद्यमहिलता म आफु पनि लिदिन ,कसैले केहि मिहिनेत गर्छ अझ धेरै सृजना गर्छ हैन त्यो तरिकाले उसको शिपको कदर हुन्छ भने ,म चाहि त्यसरी त्यो उद्यमशिलतालाई लिन्थे। यहाँ पनि आउदा खेरी १,२ जनाको history हरु पनि हाम्रो मेडमले

शियर गर्नु भयो त्यो सुन्दा खेरि कसरी हुने होला तर जुन त्यो Training लिए पश्चात एउटा key पाउनु पर्दो रहेछ हरेक कुरा सफल हुन त्यो keyचाहि त्यो Training ले दिशउ जस्तो लाग्यो के मलाई हरेक topic पढ्दा खेरी चाहि भनुमन यो शिवाको institute भरि चाहि हरेक topic wow भन्ने छ के मेरो लागी हैन , मेरो लागि मात्र नभएर अरु साथीहरुले पनि त्यो कुरा गर्नु हुन्छ। छुटेको भए यस्तो महत्वपुर्ण चिज छुट्ने रहेछ भन्ने हामीचाहि गफ गर्छौ। हरेक कुरा चाहि हाम्रो लागी चाहि एकदम important topic छ। त्यसले गर्दा खेरी जेहोस् भनुम्न उहाँले (इन्दिरा राई) सिकाउनु भएको topic / Key (चाविले) केहि कुरा खोलिन्छ होला आउदो दिनमा even म आफै व्यवसायी भएको हिसावले जुन म आफ्नो चाहि व्यापारको हिसाब राख्ने कुरा हैन व्यपारलाई व्यवस्थीत कसरी गराउने कुरामा मेरो थियन के भलाई यो Training ले मेरो व्यक्तिगत उसमा चाहि plus point भाको छ।

## २०. माओवादी आन्दोलनको समयमा तपाईंको समुदाय र व्यक्तिगत अनुभव कस्तो थियो?

हैन यो कस्तो छ भने उहाँहरु ३ जनाको class हेर्दा खेरी चाहि कस्तो हुन्छ भने हामिले एउटा विजनेश हेरीन्छ। विजनेश यो तरिकाले गर्ने अथवा issue यो उठाउने ,यो issue मा काम गर्ने भन्ने हुन्छ तर त्यो issue मा महिलावाद कहाँ छ त कसरी गर्ने सकिन्छ भन्ने कुरा Technique पाईयो यस पाली त्यो फिल भयो त्यो चाहि हामिले अनुभव गरीएको थिएन। अहिले सम्म त्यो कुरा चाहि मलाई जे होस् नयाँ पनि लाग्यो र मेरो लागी useful र मेरो संस्थाको लागि पनि useful हो त्यो चाहि किनकि त्यो angle बाट हामिले सोचेको थिएन जस्तो अस्तिन हामिलाई सरिता दिदिको कक्षामा होला बजेटको कुरा आयो हैन, आफ्नो वडामा कस्तो कस्तो बजेट राख्छ भन्दा अव बजेट त भाछ सै सर्च गरेर हेरियो । त्यहाँ चाहि सबै, सडक,सडकहरु,निर्माण,के निर्माण भनेर मात्र छुट्टाको रहेछ । त्यहाँ चाही महिलावादि दृष्टिकोणले हेर्नुहोस् भन्दा त्यहाँ निर के देख्ने हामिले महिलावादि दृष्टिकोणले सडक बनाउदैछ। त्यहाँ कहाँ निर महिला ल्यार घुसाउनु भन्ने थियो। जब त्यो कक्षा पछाडि चाहि ओहो यहाँ निर पनि त महिलावाद छिराउन सकिदो रहेछ। त्यहाँ कामदारमा छिराउन सकिदो रहेछ। सहजकर्तालाई हुन्छ त्यहाँ निर छिराउन सकिदो रहेछ भन्ने खालको point हरुले गर्दा खेरी चाहि मेरो लागी एकदम useful हैन, त्यो दृष्टिकोणबाट हामीले हेरेको रहेनछ पहिले तर यो training मा चाहि त्यसले दृष्टिकोण फरक बनायो कुनै पनि काम गर्दा खेरी चाहि, महिलाको क्षेत्रमा देखिन गरी प्रत्यक्ष रुपमा देखिने गरी महिलाको क्षेत्रमा काम गर्नु मात्र चाही महिलावाद होईन रहेनछनित indirect रुपमा पनि महिलावादि दृष्टिकोण लगाएर चाहि काम गर्न सक्दो रहेछ भन्ने सिकाई भएको छ।

LOOM

## २१. तपाईंको बुझाइमा माओवादी आन्दोलनले आदिवासी समुदाय र विशेषगरी महिलाहरूको जीवनमा कस्तो प्रभाव पार्‍यो?

पहिलो कुरा चाहि ,पहिलो कुरा पैरवीको point मा म जोड्छु पैरवि ,अ त्यस्तो भनि हामी आन्दोन ,movement हरु गर्छौ त्यहाँ उदाहरणहरु दिनु भाथ्यो। दिदिहरुले त्यस्तो कुनै आन्दोलन गर्छौ भने कानुनत संवत के छ त हाम्रो कानुनले के दे को छ त त्यो उठाको issue ठिक छ कि छैन त भन्ने कुरा पनि हामिले realize गरेमशव खोजेको हुदैन रै छ कै कुनै पनि सवाल उठान गर्दा खेरी चाहि पैरि गर्दा खेरी त्यो कुरालाई त्यता तिरबाट पनि हेर्नु पर्ने रैच मैले उठाको सवल सहि छ छैन। हामिले उठाको सवाल सहि छ छैन भन्ने कुरा एउटा गर्नु पर्ने तरीका भनुम्न यो मलाई मन पर्यो अर्को भनेको एउटा संस्थागत ब्यवस्थापन का कुरा ,संस्थामा कसरी व्यबस्थापन गर्ने ,एउटा नेतृत्व लिएर त संस्था हेरी राखेको छ किन अहिले चाही एउटा सहि तरिकाले संस्था चल्न सकेको छैन त किन समस्या समस्या आउछ भन्ने कुरा संस्था व्यवस्थापनको पाटो बाट पनि सिकियो । अनि जुन यो उद्यमशिलताको कुरा त मेरो लागि त नयाँ topic, topicसुनिएको यसरी ,vastly एउटा ,एउटा point गरेर चाहि जुन लिएको तालिम मेरो लागी पहिलो हो अनी उहाँले जुन एउटा खाका दिनु भएको छ ,बजेटिङ्ग कसरी गर्ने,कसरी खोज्ने त ,कसरी हिसाव निकाल्ने भनेर जुन एउटा key दिनुभाको छ । पहिलो काम त उद्यम नै खोल्नलाई कसरी खोज्ने त,छनौट कसरी गर्ने भनेर जुन एउटा key point दिनुभएको छ ।प्राक्टिस गराउनु भएको छ। त्यो चाहि जो पनि नयाँ व्यापर गर्नलाई म फर्मेट दिन्छु भनिराछु के ,लु यो फर्मेटमा राईट लगाउ तिमि ईन्टु गर ,प्लस गर,माईनस गर अनि मात्र तिमि कुन पसल खोल्दै छौ विश्लेषण गरेर मात्र गर है त्यो point चाहि मलाई मन पर्यो।

## २२. आज फर्केर हेर्दा, त्यस आन्दोलनले ल्याएका परिवर्तन र अधुरा रहेका अपेक्षाहरू के–के हुन्?

अ .......... सबै कुराले सबै तपाईले भनेको कुरा हालि दिदा पनि हुन्छ। सबै कुरा छ लुममा एउटा platform हामीलाई दिनुभयो यसको Threw बाट लुम संग connect भएर हामीले काम गर्न सक्यौ त्यो एउटा अवसर दिने ठाँउ पनि म लुमलाई सम्झन्छु अर्को भनेको आन्दोलनको प्रकृया फरक फरक हुन्छनी त्यो हिसाबमा लुमले जुन किसिमको संस्थाहरु छनौट गरेर चाहि संस्थाको विकास गर्न खोजी राको छ। संस्थालाई वलियो बनाउन खोजी राको छ। त्यो हिसाबले भनुम्न एकै चोटी भिडमा नगई थोरैबाट चाहि एउटा आन्दोलनको भुभमेन्ट लाई चाही के हुन्छ झिल्का लगाई दिने काम चाहि लुमले गरेको छ। त्यो त्यसी पनि म हेर्छु। यसलाई हेर्न angle अनि त्यसै गरी लुम संग connect भइ सके पछाडि चाहि हामिले TEWA संग पनि जोडिन पायौ नि मंचले हैन, केन्द्रबाट स्रोत खोज्ने, कहाँबाट काम गर्ने,कसरी बजेट ल्याउने होला भन्ने थियो के हाम्रो त्या एउटा बाटो पनि लुम बनेको छ। हाम्रो लागि लुमलाई सबै angle बाट हामीले हेर्छौं त्यसरी।

## २३. राई तथा अन्य आदिवासी समुदायभित्र रहेका कुन–कुन सांस्कृतिक अभ्यास वा मूल्यहरूलाई तपाईं महिलावादी दृष्टिकोणसँग जोडेर हेर्नुहुन्छ?

यौनिकता ,लैगिकता, हजुर , अ .......... कस्तो थियो भने पहिले लिएका तालिम कार्यक्रमहरु सट्ट आउथ्यो , जान्थ्यो result base मा जान्छ जस्तो लाग्छ। पहिला यो भन्दा अगाडी लिएको शिवा कै भित्र जुन हामीले ५ दिनको लिएको थियौ नि तालिम यौनिका गुञ्ज भनी हामिले चलायौ। त्यो के थियो भने आउने शिकेर जाने उ ले further connect भई सके पछि अहिले के भयो भने हामिले सिकेको कुरा चाहि कति सिक्यौ भन्ने कुरा , चाहि कति सक्यौ भन्ने कुरा,कति सिक्यौ र कति दिन सक्यौ भन्ने कुरा,कति सिक्यौ र कति दिन सक्यौ भन्ने कुरा त्यसको उपलब्धि के आयो त भन्ने कुरा, जुन एउटा समुदाय संगै connect गर्ने काम चाही लुमले जुन गर्छ गरी राको छ , तालिम पश्चात पनि त्यो पाटो चाहि मलाई राम्रो लाग्छ र फरक लाग्छ अहिले सम्मको मा।

## २४. आफ्नै शब्दमा आफ्ना कथा, इतिहास र अनुभवहरू अभिलेखमा राखिनु किन महत्त्वपूर्ण छ?

मैले मेरो समुदायमा हेर्ने हो भने हाम्रो आदिवासी समुदायको चाहि अलिकति यस्ता विषयहरुमा चासो कम भएको हो कि भन्ने मलाई लेकोछ। जहिले लाग्छ हैन अव छोरा छोरीहरुत सबैकुरा अभपभावकले पुरा गरिदिएर स्वतन्त्र तरिकाले जिउन र बाँच्न पाई राखेको हुन्छ र त्यो स्वतन्त्र पाराले जिईरहदा उसको आफ्नो केहि कमी भएको महशुस भएको हुदैन उसलाई केहि आवश्यकता नै हुदैन नीत फाल्टुकुरा त्यले गर्दा खेरी चाहि के हुन्छ भने अनी त्यस पछाडी चाहि के हुन्छ भनी हाम्रो समुदायलाई त्यो फिल हुन्छ त्यले गर्दा हाम्रो generation पश्चातको next generation लाई चाहि हामी अभिभावकले डोर्याउनु पर्छ जस्तो लाग्छ यो विषयमा चासो दिनु पर्छ जस्तो लाग्छ , बुझ्नु पर्छ जस्तो लाग्छ एउटा हुन्छ नि पुस्ता हस्तान्त्रण भन्ने जुन लुम ले ल्याएको concept छ त्यस्मा चाहि म आफेले पनि के छ भनी हामीले पनि कार्यक्रम गर्दा तिन पुस्ते जोड्न पाए हुन्थ्यो भन्ने concept चाहि हामिमा पनि आको छ। हिजो भर्खरपनि योजना गर्नर् के कार्यक्रम गर्ने होला हैन ,लुम को त यो concept छ हामी पनि त्यो concept मा जान पाए त राम्रो हो हैन। भनेपछि एउटा culture चाहि जोगीए पनि जाने हैन मुद्धा संग पनि उनिहरु related हुने र पछि गएर ,भोली गएर,हामी पछाडि पनि ,यो मुद्धा वोकि दिन्छ कि भन्ने young generation हरुले बोकी दियोस भन्ने एउटा exception हुदो रहेछ के,अहिले नै त्यो कुरा प्राप्त गरी सकेको छैनम् तर हाम्रो movement ले खोजेको कुराहरु त्यले गर्दा आउदा generation ले त्यलाई वोकि दिए हुने भन्ने लाग्छ र जोड्नु पर्छ जस्तो लाग्छ।

LOOM

## २५. आदिवासी महिलाका कथा र आवाज अरूले बोलेर प्रस्तुत गर्दा के–कस्ता जोखिम वा सीमितताहरू हुन सक्छन्?

महत्वपुर्ण कुरा त केहि होईन मलाई एउटा सधैभरि कुरा के हो भने चाहि मैले अघि पनि एठाए मैले अहिले काम गर्दे जादा खेरी जस्तो महिलावादि ,महिलावादि आन्दोलन भन्छौहैन महिलावादि दृष्टिकोण बाट काम गरेको भन्छौ हैन महिलावादि दृष्टिकोण बाट काम गरेको भन्छौ र अरु संघ संस्थाले अरुले काम गरेको छ। तर त्यसमा चाहि जहाँ पनि आफुलाई हाम्रो समुदाय चाही अलग्गै पाउछौ ,अहिले पनि पाँउछौ त्यो कुरा तर लुमले चाहि प्लस संग संगै आदिवासी समुदायका महिलालाई पनि जोडेर चाहि महिलावादि दृष्टिकोण भनेको सिंगो महिलालाई मात्र होईन त्यो भित्र आदिवासी महिला छन् ,दलित छन् हैन अनी पछाडि पारीएको समुदाय पनि छ हरेक सेक्टरलाई हेर्ने दृष्टिकोण ,यो छ अनि मात्र महिलावादी दृष्टिकोण पुरा हुन्छ भन्ने हिसावले जुन खालको concept छ त्यो खालको concept हरेक महिलावादि sector मा काम गर्ने संस्थाले हेर्नु पर्छ र बुझ्नु पर्छ भन्ने लाग्छ के मलाई अनि हाम्रा पनि चाहि कति कथा ,कथनहरु थिए होला। हिस्ट्रि थिए होला यसलाई पनि अझ दस्तावेजिकरण गर्न पाए हुन्थ्यो कि हैन आफुले पनि गरौला त्यलाई पनि कति हाम्रो आवाज ,हाम्रो आवाज कति आफैले मात्र कति वोल्ने है हाम्रो आवाज अरुले पनि वोल्दिए अति बुलन्द हुन्थ्यो कि जस्तो लाग्छ। त्यति लाग्छ अन्तिममा वोल्नु पर्दा खेरी।

## २६. SIWA Institute र LOOM सँगको सहयात्राले तपाईंको नेतृत्व, संस्थागत सोच, आन्दोलन र भविष्यको दृष्टिमा कस्तो प्रभाव पारेको छ? साथै, नयाँ पुस्ताका आदिवासी तथा महिलावादी अभियन्ताहरूलाई तपाईं के सन्देश दिन चाहनुहुन्छ?

धैरै कुराहरु पाउछ जस्तो लाग्छ है किनभने म आफैले कोहि हुन्छनी एउछा पिडितले म पिडित हो हो भनेर वोलि रहदा खेरी चाहि वेवास्ता हुन्छ के, तर अ पिडित छ सुनिदिउन उसको कुरा भि कुनै एकजनाले मानि दिदा उसलाई हौसला हुन्छ हैन खनी उले आफ्नो कुरा खुलेर भन्न पाउछु त्यस्तै गरी हामलाई चाहि यो ट्र हैन हामिलाई यो अधिकार चाहिएको छ। हाम्रो culture लाई यो angle बाट पनि हेर्नु पर्छ। यो राम्रो पक्षलाई राज्यले पनि जोगाएर लानु पर्छ ,संरक्षण गरेर लानु पर्छ भन्ने कुरा हामिले मात्र भनिरहदा चाहि अरु कोहिले हैन जस्तो हामी आदिवासी समुदायको मुद्धा चाहि अन्य समर्दायले पनि आदिवासी महिलाहरुको छनत् उनिहरु यो कुरामा पछाडी छन् है उहाँहरुलाई पनि जोडेरै ल्याउनु पर्छ भन्ने कुरा हाम्रो voice अरुले बोलिदियो भने एकत हामिलाई हौसला हुन्छ ,हामिले गरीरहेको मुभमेन्ट ,हामिले गरीरहेको कामहरु ठिक छ हैन अथवा कहिनेर गलत पनि हुन सक्छ कुनै कुनै त्यस्मा उहाँहरुले उठाएर लगेर जादै गर्दा यो कुरा पनि अझ यसरी पनि ल्याउनु सकिन्छ भन्ने हिसाबले ,एक खलको नयाँ कुराहरु पनि हामिले पाउछौ नित ,भन्ने खालको एउटा exception रहन्छ।

**एकदम धन्यवाद।**

LOOM

**Interviewer:** हस माया जी, एति धेरै कुरा हामीले कुरा गर्यौं। हाम्रो **interview** लगभग ५० मिनेटको रह्यो र यसमा यति धेरै कुरा जोडिदिनु भएकोमा र आफ्नो अमुल्य समय हामीलाई दिनु भएकोमा धन्यबाद।

LOOM